शुक्लागण्डकी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दुलेगौंडा तनहुँ,गण्डकी प्रदेश,नेपाल

करार पदपुर्ति सम्वन्धि सुचना

**प्रथम पटक प्रकाशित मिति २०७५।११।०४**

# पोखराबाट प्रकाशित हुने समाचार दैनिकमा आजको मितिमा सूचना प्रकाशित गर्ने ।
# न.पा.को web siteमा पनि राख्ने ।

तनहुँ जिल्ला शु.न.पा. नगर कार्यपालिकाको कार्यालय अर्न्तगत ढोर फुलबारी सहिद अस्पताल शु.न.पा.-११ को लागि तपशिल बमोजिम कर्मचारी करारमा नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

तपशिल :

| क.सं. | विज्ञापन गरिएको पद | तह | आवश्यक संख्या | न्युनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १. | मेडिकल अधिकृत | आठौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम वि वि एस उर्तिण गरी सम्वन्धित परिषद्मा दर्ता भएको (मे.अ आठौ तहका पदको लागि लोकसेवा आयोगबाट तोकिए बमोजिमको शैक्षिक योग्यता) | |
| २. | स्टाफ नर्स | स.पाचौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एन्ट्री नर्सिङ उर्तिण गरी सम्वन्धित परिषद्मा दर्ता भएको( नर्सिङ स.पाचौं तहका पदको लागि लोकसेवा आयोगबाट तोकिए बमोजिमको शैक्षिक योग्यता) | |
| ३. | ल्याव असिस्टेन्ट | स.चौथो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव असिस्टेन्ट उर्तिण गरी सम्वन्धित परिषद्मा दर्ता भएको( ल्याव असिस्टेन्ट स.चौथो तहका पदको लागि लोकसेवा आयोगबाट तोकिए बमोजिमको शैक्षिक योग्यता) | |

दरखास्त दिने अन्तिम मिति : प्रथम पटक सुचना प्रकाशित मितिले १५ दिन

Scanned by CamScanner

दरखास्त दिने स्थान : शु.न.पा.को कार्यालय स्वास्थ्य शाखा

परिक्षाको किसिम : अर्न्तवार्ता

सर्म्पक मिति : २०७५।११।२७

सेवा सुविधा : करार सम्भौतामा उल्लेख भए बमोजिम हुनेछ ।

आवश्यक कागजातहरु : व्यक्तिगत विवरण,नागरिकताको प्रमाणपत्र,शैक्षिक योग्यताको प्रमाणपत्र,परिषद् दर्ताको प्रमाणपत्र,कार्य अनुभव भए अनुभवको प्रमाणपत्रहरु ।

आवेदन शुल्क : मे.अ.का लागि रु.२,०००।-

स्टाफ नर्सका लागि रु.१,०००।-

ल्याव असिस्टेन्टका लागि रु.५००।-

उमेर : दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको(महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको)

द्रष्टव्य :

- लोक सेवाको ढाचाको फारम भरि पेश गर्नु पर्ने छ ।
- म्याद नाघि आएका दरखास्त उपर कुनै कारवाहि हुने छैन ।
- उम्मेदवार स्वयमले दरखास्त फरम भरि निज र निजको प्रतिनिधिले नगरपालिकाको कार्यालय स्वास्थ्य शाखामा कार्यालय समयभित्र बुझाउनु पर्नेछ ।
- अन्य जानकारीका लागि शु.न.पा.को कार्यालय स्वास्थ्य शाखामा सर्म्पक गर्न सकिनेछ । सर्म्पक नं.-०६५४१४४८

Scanned by CamScanner

०७५।६।८ गतेको निर्णय

१। मेडिकल सुपरिटेन्डेन्ट (नवौ तह ) : १ जना (प्रमुख )
२। मेडिकल अफिसर (आठौ तह ) : २ जना
३। हेल्थ असिष्टेन्ट (पाचौ/छैटौ तह ) : ४ जना
४। स्टाफ नर्स (पाचौ /छैटौ तह ) : ५ जना
५। अ.न.मी (चौथो /पाचौ तह ) : २ जना
६। अ.हे.व (चौथौ /पाचौ तह ) : १ जना
७। ल्याब टेक्निसियन (पाचौ तह ) : १ जना
८। ल्याब असिष्टेन्ट (चौथो तह ) : १ जना
९। रेडियोलोजि (पाचौ तह ) : १ जना
१०। नायब सुब्बा (पाचौ तह ) : १ जना
११। सहायक लेखापाल (चौथो तह ) : १ जना
१२। ड्राइभर (एम्बुलेन्स भएमा ) : १ जना
१३। कार्यालय सहयोगी (श्रेणी विहीन ) : ३ जना

शुक्लागण्डकी नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुलेगौंडा, तनहुँ गण्डकी प्रदेश, नेपाल

निर्णय नं. १७ : शुक्लागण्डकी नगरपालिका वडा नं. ११ राईपुरमा अवस्थित फूलबारी सामुदायिक अस्पताल नेपाल सरकारको मिति २०७४।०६।२७ गतेको निर्णयानुसार सरकारीकरण भै शुक्लागण्डकी नगरपालिकामा विधिवत रुपमा हस्तान्तरण भै सकेकोले संचालन तथा व्यवस्थापन गर्न प्रदेश सरकार सामाजिक विकाश मन्त्रालयसंग अनुदान माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ : शुक्लागण्डकी नगरपालिका वडा नं. ११ राईपुरमा अवस्थित फूलबारी सामुदायिक अस्पताल नेपाल सरकारको मिति २०७४।०६।२७ गतेको निर्णयानुसार सरकारीकरण भै शुक्लागण्डकी नगरपालिकामा विधिवत रुपमा हस्तान्तरण भै सकेकोले संचालन तथा व्यवस्थापन गर्न प्रदेश सरकार तथा संघीय सरकारबाट अनुदान र जनशक्ति उपलब्ध नभएसम्म नगरपालिकाको आन्तरिक श्रोतबाट सेवा सुविधा वेहोर्ने गरी एकजना मेडिकल डाक्टर, एक जना स्टाफ नर्स र एक जना ल्याव टेक्निसियन नियुक्ती गर्ने र ढोरफिर्दी स्वास्थ्य चौकिमा कार्यरत स्वास्थ्यकर्मी समेत परिचालन गरी अस्पतालको सेवालाई सुचारु गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ : शुक्लागण्डकी नगरपालिका वडा नं. १ को वडागत शिर्षक अनुदानको मेलमिलाप प्रशिक्षण कार्यक्रमको रकम रु ६०,०००।- रकमान्तरका लागि वडा नं. १ बाट अनुरोध भै आएकाले वडाको माग बमोजिम दैवी प्रकोप राहत शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. २० : शुक्लागण्डकी नगरपालिकाका वडा भित्रका विभिन्न टोलबस्तीबाट खानेपानी योजनाको लागि रकम माग भै आएको सन्दर्भमा प्राविधिक पठाई लागत अनुमान तयार पार्न लगाउने र सोही लागत अनुमानको आधारमा आर्थिक सहयोग गर्ने निर्णय गरियो । साथै खानेपानी सम्बन्धी साना साना मागलाई सम्बोधन गर्न विभिन्न साइजका पाइप खरिद गर्न आवश्यक देखिएकोले स्पेशिफिकेशन र लागत अनुमान तयार गरी पेश कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner